प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**

- सुरक्षित यौन सम्पर्क गरौं,
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
- एच.आई.भि. नियमित परिक्षण गरौं,
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१६ ।। अङ्क : २८१ ।। २०८१ मंसिर १७ गते सोमबार (2nd Dec 2024 Monday) | **Pratidin** National Daily | मूल्य–रु.५/–

## सशस्त्र प्रहरीद्वारा ५ लाख ५० हजार नगद बरामद



झापा(प्रस) । झापा गाउँपालिका-५ खाताबस्तीबाट सशस्त्र प्रहरी बलले नगद ५ लाख ५० हजार बरामद गरेको छ । आइतवार बिहान अन्दाजी १०.३० बजे झापा-५ खाताबस्तीको पुलनजिक सशस्त्र प्रहरी बल बिओपी पन्थापाडाबाट खटिएको टोलीले बिशेष सूचनाको आधारमा भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्रीलाई शंका लागेर चेकजाँच गर्न खोज्दा उक्त ब्यक्ति ब्याग फालेर फरार भएका थिए । सो ब्याग खोली हेर्दा नगद ५ लाख ५० हजार नेपाली रुपैयाँ रहेको सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हेडक्वाटर झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक. महेशराज विष्टले बताए । उनले बरामद भएको एक हजारका नोट ३०८ थान र पाँच सयका नोट ४८४ थान राजश्व अनुसन्धान कार्यालय इटहरीमा बुझाएको जानकारी दिए ।

## झापामा लागु भयो टाइमकार्ड

• **लक्ष्मी उप्रेती**

झापा । तीब्र गतिका कारण दुर्घटना गराउँदै आएका सार्वजनिक सवार ीसाधनका चालकहरुले टाइमकार्ड बुझ्दै सुरक्षित सडक र सवारीको सुनिश्चिताको लागि जिम्मेवारी निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

शनिवारदेखि झापामा लागु भएको टाइमकार्ड लिँदै उनीहरुले ९ बुँदे प्रतिवद्धतापत्रमा हस्ताक्षर गरेका



हुन् । आफू जिम्मेवार सवारी चालक भएर यात्रुहरु र अन्य सडक प्रयोगकर्ताको सुरक्षा सुनिश्चित गर्ने ,सदैब ट्राफिकसम्वन्धी प्रचलित कानून, नियम र सडक अनुशासनको पूर्ण पालना गर्ने , आफ्नो सवार ीसाधनको महत्वपूर्ण पक्ष ब्रेक, टायर, लाइट आदिको नियमित निरीक्षण र मर्मत सम्भार गर्ने , थकान र निन्द्राले प्रभावित भएको अवस्थामा सवारीसाधन नचलाउने , लेन अनुशासनको पूर्ण रुपमा पालना गर्ने र निर्धारित गतिमा सवारी चलाउने , जेब्रा क्रसिङमा सदैव पैदल यात्रुलाई प्राथमिकता दिने , ओभरटेक गर्दा सुरक्षित स्थानमा दाहिने तर्फबाट गर्ने , सवारी चलाउँदा मोबाइल फोनलगायत ध्यान अन्यत्र मोडिने गतिविधि नगर्ने र मादक पदार्थ, लागूपदार्थलगायत कानूनले वर्जित गरेका वस्तुहरु सेवन नगर्ने उनीहरुले प्रतिवद्धता जनाएका हुन् ।

उनीहरुले प्रतिवद्धतापत्रमा हस्ताक्षर गर्दै सुरक्षित सडक र सम्मानित एवम् सुरक्षित यात्राका लागि पूर्ण इंमान्दारी र विश्वासका साथ शपथ लिँदै यसको परिपालना गर्ने बचनसमेत दिएका छन् । शनिवार बिहान जिल्ला ट्राफिक प्रहरी कार्यालय विर्तामोडको आयोजनामा मेचीनगर नगरपालिका-६काँकरभिट्टास्थित बसपार्कमा भएको कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले पहिलो टाइमकार्ड प्रदेश १-०१-००१ ख ४४५२ नं को सगरमाथा यातायातका चालक अमृत दाहाललाई हस्तान्तरण गर्दै शुभारम्भ गरेका थिए । त्यस्तै चालक गोपाल दाहालले पहिलो प्रतिवद्धतापत्रमा हस्ताक्षर गर्दै सवारी चालकहरुका तर्फबाट त्यसलाई कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएका थिए ।

झापामा ६ वर्षपछि पुनः टाइमकार्ड लागु भएको हो । यसअघि २०७६ सालमा झापामा टाइमकार्ड लागु भएको थियो । तर, त्यसले निरन्तरता पाएको थिएन । यसपटक लागु गरिएको सवारी टाइमकार्डले निरन्तरता पाउने विश्वास गरिएको छ । टाइमकार्ड लागु भएपछि अब काँकरभिट्टादेखि बिर्तामोडसम्मको

## कनकाई ६ मा भएको निर्वाचनमा ७४ प्रतिशत मत खस्यो



झापा(प्रस) ।झापाको कनकाई ६ मा वडाध्यक्ष पदको लागि भएको मतदानमा कुल १५१३ मत खसेको छ ।

जम्मा २०५८ मतदाता रहेको सो वडामा पुरुष ६८९ र महिला ८२४ गरी कुल १५१३ अर्थात ७३.५१ प्रतिशत खसेको हो । बिहान ७ बजेदेखि शुरु भएको मतदानको समय बेलुका ५ बजेसम्मका लागि तोकिएको थियो ।

निर्वाचनमा ८ राजनीतिक दल र एक स्वतन्त्र गरी ९ जना उम्मेद्वार निर्वाचनमा होमिएका छन् ।

आइतवार नै मतगणना शुरु गरिएको छ । राति ८ बजेदेखि मतगणना शुरु गरिएको हो । स्थानीय तहमा रिक्त विभिन्न ४१ पदका लागि आइतवार भएको निर्वाचनमा करिब ६२ प्रतिशत मत खसेको छ।

उपनिर्वाचन भएका स्थानीय तह तथा वडाको अन्तिम मतदाता नामावलीमा दुई लाख २६ हजार सात सय ९९ मतदाता रहेकामा प्राप्त विवरणअनुसार करिब ६२ प्रतिशत मतदान भएको निर्वाचन आयोगका प्रवक्ता नीता पोखेल अर्यालले जानकारी दिइन्।

उपनिर्वाचनमा नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ पदका लागि आज मतदान भएको हो। उपनिर्वाचन प्रयोजनका लागि २५ राजनीतिक दल दर्ता भएकामा २० राजनीतिक दलका तर्फबाट उम्मेदवारी परेको थियो।

बिहान ७ बजेदेखि सुरु भएको निर्वाचन अपराह्न ५ बजेसम्म सबै निर्वाचनस्थल केन्द्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको आयोगले जनाएको छ। यो उपनिर्वाचनमा

❖ बाँकी अन्तिम पृष्ठमा

## ९ लाख मूल्यको आइफोनसहित भारतीय पक्राउ



भद्रपुर(प्रस) । सशस्त्र प्रहरीले ६ वटा आइफोन मोवाइलसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत किसनगंज १ जानकी चौक बस्ने अन्दाजी २८वर्षीय इस्त्राफिल रहेका छन । शनिवार दिउँसो १.३० बजे झापा गाउँपालिका ४ सुकुम्वासी टोलस्थित सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपाल बि.ओ.पी. पन्थापाडाबाट खटिएको पैदल गस्ती टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको द्यच्घठश्डज्ञण्ज्ञ नम्बरको भारतीय मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्ने क्रममा चालक इस्त्राफिलको साथबाट अन्दाजी मूल्य रु ९ लाख रुपैयाँ पर्ने ९ थान सेकेन्ड हेण्ड आइफोन मोबाइल फेला पारेको हो । मोटरसाइकल र बरामद सामानसहित इस्त्राफिललाई भन्सार कार्यालय बुझाएको सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हेडक्वाटर झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक महेशराज बिष्टले जानकारी दिए ।

## ०८४ को निर्वाचनमा राप्रपा पहिलो पार्टी– लिङ्देन

झापा (प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले अब राप्रपाको विकल्प नभएकाले ०८४ को निर्वाचनमा पहिलो पार्टी बनेरै छाड्ने दावी गरेका छन् । प्रधानमन्त्री जहाँ गए पनि मुर्दावादको नारा लाग्न थालेको र दुई ठूला दलका नेताहरू चाहेको ठाउँमा जान नसकेको अवस्थामा राप्रपा मात्र अबको विकल्प भएको उनले बताए।

झापाको बिर्तामोडमा आइतबार बिर्तामोड नगर अधिवेशन उद्घाटन गर्दै राप्रपा अध्यक्ष लिङ्देनले सके ०८४ अघि नै सत्ता परिवर्तन गर्ने, नभए ०८४ सालको निर्वाचनमा राप्रपालाई पहिलो शक्ति बनाउन अहिलेदेखि नै काम गर्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए।

उनले भने, ‘उनीहरू जहाँ जान्छन्, त्यहाँ विरोध धेरै छ। मुर्दावादको नारा लाग्छ। ठूला दलको हालत त्यस्तो छ। अब हामी नै विकल्प हौं।’

उनले राप्रपामा देशभर समर्थन आइरहेको बताउँदै आफ्नो शक्ति चिन्न पार्टीका कार्यकर्तालाई निर्देशन दिए।

उनले भने, ‘देशका जुनसुकै स्थानमा राप्रपाप्रति समर्थन आइरहेको छ। तर, हाम्रै साथीहरूले आफ्नो शक्ति चिन्दैनन्। अब २०८४ सालको चुनावमा हाम्रो पार्टी पहिलो शक्तिमा आउनै पर्छ। त्यसको विकल्प नै छैन। त्यही मिसन लिएर काम गर्नुहोस्।’

प्रत्यक्ष निर्वाचन प्रणालीबाट प्रधानमन्त्रीको छनौट, संघीयता खारेजी, भ्रष्टाचारमुक्त समाज राप्रपाको मुख्य एजेण्डा रहेको र आफू पनि भ्रष्टाचार नगर्ने र अरुलाई पनि गर्न नदिने भन्दै उनले राप्रपाका कुनै पनि तहका नेता तथा कार्यकर्ता यस्ता गतिविधिमा संलग्न नरहने बताए ।

२०६४ सम्म औलामा गन्न सकिने मात्रै कार्यकर्ता रहेको पार्टीको नेतृत्वप्रति जनताको आशा र भरोसा बढेर राप्रपाको सिद्धान्त स्थापित भइसकेकाले अव कसैले रोकेर राप्रपा नरोकिने र २०८४ पछि देशको नेतृत्व राप्रपाले गर्ने उनको दावी थियो ।कार्यक्रमलाई सहायक महामन्त्री भारतेन्दुकुमार मल्लिक, प्रशिक्षण विभाग उपप्रमुख खुश्बु ओली,कोशी प्रदेश अध्यक्ष एवम् दमक नगरपालिकाका नगर प्रमुख राम थापा, जिल्ला अध्यक्ष केशब ओझा , बिर्तामोड नगर अध्यक्ष रञ्जु प्याकुरेललगायतले सम्बोधन गरेका थिए।

## राप्रपाको भद्रपुर अध्यक्षमा राजकुमार राई

झापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टी भद्रपुरको पाचौं नगर अधिवेशनले राजकुमार राईको अध्यक्षतामा ३१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको



छ।

पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा राप्रपाका सहायक महामन्त्री भारतेन्दुकुमार मल्लिक, केन्द्रीय सदस्यहरु अञ्जार आलम,डि.वि.

❖ बाँकी अन्तिम पृष्ठमा

## नेकपा (माओवादी)को नाममा आपराधिक गतिविधि

झापा(प्रस) । नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्डको नाममा बिर्तामोड-६ स्थित गिरीबन्धु टी इस्टेटको चिया फ्याक्ट्री अगाडि कुकर बम राखेर आतंकित पार्न खोज्दा पक्राउ पर्नेहरु आपराधिक क्रियाकलापमा संलग्न रहेको खुलेको छ ।

प्रहरीले मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं. ९ मधुमल्ला बस्ने ३६ वर्षीय राजकुमार माझी र कानेपोखरी गाउँपालिका वडा नं.६ शिवालय टोल बस्ने २० वर्षीय धिरज माझीलाई गिरीबन्धु टी इस्टेटको चिया फ्याक्ट्री अगाडि विष्फोटक पदार्थ राखेको आरोपमा पक्राउ गरेको हो । बुधवार राजकुमारलाई उर्लाबारी नगरपालिका वडा नं. ७ उर्लाबारी चोकबाट पक्राउ गरिएको हो भने सोही दिन पथरीशनिश्चरे नगरपालिका वडा नं. १ जातेरोड चोकबाट धिरज पक्राउ परेका हुन् । उनीहरु घटना भएको अढाई महिनापछि पक्राउ परेका हुन् । दुवैजना विगतमा माओवादी भएर हाल आपराधिक क्रियाकलापमा संलग्न रहेको पाइएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । राजनीतिक उद्धेश्यभन्दा पनि चन्दा असुल्न खोज्ने ,नदिए थर्काउने, आतंकित पार्नेजस्ता गतिविधि उनीहरुले गर्ने गरेको खुलेको विष्टले जानकारी दिए । त्यो समूहद्वारा पूर्वमा नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्ड र कैलाली धनगढीतिर नेकपा (माओवादी) पश्चिम केन्द्रीय कमाण्डको नाममा आपराधिक गतिविधि हुने गरेको जनाइएको छ । सांगठनिक संरचना नभएका कारण पक्राउ परेका दुवैको जिम्मेवारी खुलिसकेको छैन ।गत भदौ २८गते बिहान अन्दाजी ६:१० बजे बिर्तामोड नगरपालिका वडा नं. ६ स्थित गिरीबन्धुकै शमशेर एण्ड गंगादेवी टी स्टेट प्रा.लि. को पश्चिम पर्खालनजिकै क्षति पुर्याउने उद्धेश्यले उनीहरुले कुकर बम राखेका थिए । नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्ड गिरीबन्धु टी स्टेटको जग्गा कब्जा किन..?लेखिएको पर्चा त्यहाँ भेटिएको थियो । उनीहरुलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले जिल्ला अदालतबाट विष्फोटक पदार्थसम्बन्धी कसूरमा ३ दिन म्याद थप गरी अनुसन्धान गरिरहेको विष्टले जानकारी दिए ।









केही समयदेखि विभिन्न संघ संगठनहरु गिरीबन्धु टी इस्टेटप्रति लक्षित देखिएका छन् ।आफूसंग नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्डको नामबाट कोही पनि व्यक्ति सम्पर्कमा नआएको गिरीबन्धु टी इस्टेटका संचालक छत्र गिरीले बताए । झापामा नेपाल कम्युनिष्ट पार्टी माओवादी , नेपाल कम्युनिष्ट पार्टी बहुमत , वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाललगायतका संगठनहरुले विभिन्न गतिवधि गर्दै आएका छन् ।



# विराटपोखरीमा शतबीज छर्ने भक्तालुहरुको संख्या बढ्यो



झापा(प्रस) । झापाको बिर्तामोड- ३ स्थित ऐतिहासिक , धार्मिक एवं पर्यटकीय स्थल विराटपोखरीमा यस वर्ष शतबीज छर्न आउने भक्तालुहरुको संख्या निकै बढेको छ ।
गत वर्षको बाला चतुर्दशीमा दुई-चार हजारको संख्यामा भक्तालुहरु आएकोमा यस वर्ष दश हजारभन्दा बढी भक्तालुहरुले शतबीज छरेको आयोजक विराटपोखरी सरोवर बहुउद्देश्यीय विकास समितिका सचिव जगन्नाथ भट्टराईले बताए । उनले विराटपोखरीमा निर्माण भएका भौतिक पूर्वाधार र आयोजक समितिले बाला चतुर्दशीका लागि गरेको तयारीका कारण भक्तालुहरुको संख्या बढेको जानकारी दिए । भजन कीर्तनका साथ रातभरि जाग्राम बसी बिहान भक्तालुहरुले विराटपोखरी वरिपरि शतबीज छरेका थिए । महाभारतकालमा विराट राजाले खनेको जनविश्वास रहेको सो पोखरी ५ विगाह ५ कठ्ठा क्षेत्रफलमा फैलिएको छ ।
शुक्रवार साँझ मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्य तथा विराटपोखरी सरोवर बहुउद्देश्यीय विकास समितिका अध्यक्ष इन्द्र प्रसाईको अध्यक्षतामा भएको कार्यक्रमका वक्ताहरुले लामो समय ओझेलमा परेको धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थल विराटपोखरीको विकासका लागि सबैजना लाग्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा प्रमुख अतिथि गुरुङ , बिर्तामोड ३ का वडा सदस्य हरि बास्कोटा , नेकपा एमाले बिर्तामोडका अध्यक्ष सुवास भट्टराई , माओवादी केन्द्रका नगर अध्यक्ष मोहन सुब्बा , राप्रपाकी नगर अध्यक्ष रन्जु प्याकुरेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।
आयोजक संस्थाका सचिव भट्टराईले स्वागत गरेको कार्यक्रमको संचालन सहसचिव अर्जुन उप्रेतीले गरेका थिए ।
उद्घाटन कार्यक्रमपछि सन्ध्याकालीन भजन कीर्तन आयोजना गरिएको थियो । स्थानीय कलाकार र बिर्तामोडका २० वटा कीर्तन मण्डलीले भजन प्रस्तुत गरेको सहसचिव उप्रेतीले बताए । कार्यक्रममा सबै कीर्तन मण्डलीलाई सम्मान गरिएको उनले जानकारी दिए । बाला चतुर्दशीका लागि विराटपोखरीलाई सजाएर आकर्षक बनाइएको थियो । त्यहाँ जडान गरिएको ४ सयवटा झिलिमिली बत्तीले विराटपोखरीको शोभा बढाएको थियो । करिव ६० हजार रुपैयाँको लागतमा युवा समाजसेवी सजेश शिवाकोटीले सो सहयोग गरेको सचिव भट्टराईले जानकारी दिए । उनका अनुसार भक्तालुहरुको सुविधाका लागि पोखरी सरसफाई , टेन्ट निर्माणलगायतका कार्यहरु गरिएको थियो । शतबीज छर्न आएका भक्तालुहरुबाट डेढ लाखभन्दा बढी आर्थिक सहयोग संकलन भएको सचिव भट्टराईले जानकारी दिए । उनले कार्यक्रमका लागि जलकुमार गुरुङले २१ हजार , रुद्र चुँडालले १५ हजार , श्रद्धा पोखरेल र कमल कडरियाले ५-५ हजार रुपैयाँ सहयोग गरेको बताए । त्यसबाहेक अन्य धेरैले सहयोग गरेका छन् ।
केही वर्षयता थप भौतिक संरचना निर्माण भएसँगै विराटपोखरीको स्वरुप फेरिएको अध्यक्ष प्रसाईले बताए । महाभारतकालीन इतिहाससँग जोडिएको विराटपोखरीलाई .२०४२ सालदेखि नै व्यवस्थित गर्ने कार्य शुरु गरिएको भएता पनि यसमा कसैको ध्यान नजाँदा पोखरीको संरक्षण र प्रवर्द्धनको काम अघि बढ्न सकेको थिएन ।
लामो समय उपेक्षित बनेको यसको संरक्षण र विकासका लागि स्थानीयको सक्रियतामा विराटपोखरी सरोवर बहुउद्देश्यीय विकास समिति गठन भएयता केही काम भएपनि सरकारको ध्यान पुग्न सकेको थिएन । विगत केही वर्षयता विराटपोखरी सरोवर बहुउद्देश्यीय विकास समितिको सक्रियतामा उत्साहजनक कामहरु भइरहेको अध्यक्ष प्रसाईको भनाई छ ।

# सताक्षीधाममा शतबीज छर्ने भक्तजनको भीड

झापा(प्रस) । पूर्वको प्रसिद्ध तीर्थस्थल सताक्षीधाममा बालाचतुर्दशीका दिन शतबीज छर्ने भक्तजनको भीड लाग्यो । शुक्रवार त्रयोदशीको बेलुकीदेखि दिवंगत पितृका नाममा अखण्ड दीपदान गरी बसेका भक्तजनले शनिवार बिहानै सताक्षी नदीमा दीप सेलाएर पितृको सद्गतिको कामना गर्दै शतबीज छरेका हुन् ।
शतबीजमा धान, जौ, गहुँ र कागुनो जस्ता अन्न सहित केरा, उखु, सुन्तला, अनार, भोगटे, कागती, निबुवा, बिमिरो, अमला आदि मौसमी फल र विभिन्न किसिमका फूल समावेश गरिएको हुन्छ ।
मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बिहानै मृगस्थली क्षेत्रमा शतबीज छरेमा पितृको उद्धार हुने तथा जन्म-मृत्युको चक्रबाट मुक्त हुने धार्मिक मान्यता छ ।सताक्षीधाममा प्रमुख आकर्षणको केन्द्रका रूपमा नवनिर्मित ५१ फिटको सवा करोड रुद्राक्षजडित पार्थिव शिवलिंग छ ।

बिहानदेखि नै उक्त शिवलिंगको दर्शन गर्ने भक्तजनहरूको भीड देखिएको थियो । त्यहाँ रहेको झरना, विरेनुन पानी, दिगम्वेश्वर मन्दिर, सताक्षी देवीको मन्दिर, नवनिर्मित ८७ धारालगायत स्थानहरूमा भक्तजनहरूले दर्शन गरेका छन् ।
सताक्षीधाममा सोमबारबाट लिंग महापुराण समेतको आयोजना गरिएको सोही दिन ५१ फुटका रुद्राक्षबाट जडित शिवलिंगको उद्घाटन गरिने गोलोक गोवर्धन गौशालाले जनाएको छ ।

## कनकाई ...

विभिन्न २० राजनीतिक दल र स्वतन्त्र गरी तीन सय ७६ उम्मेदवार प्रतिस्पर्धामा छन्। मतपेटिका सुरक्षित रूपमा सङ्कलन भएपछि मतगणना प्रारम्भ गरिएको आयोगले जनाएको छ।

यसैबीच कालीकोटको तिलागुफा गाउँपालिका-४ को वडाध्यक्ष पदमा आइतवार भएको उपनिर्वाचनम नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का खड्कराज शाही विजयी भएका छन्।
वडाध्यक्षमा शाही एक सय ४३ मत प्राप्त गरी विजयी भएका हुन्। उनका निकटम प्रतिद्वन्द्वी नेकपा (माओवादी केन्द्र) का नैसोभा शाहीले एक सय १५ मत प्राप्त गरेको जिल्ला निर्वाचन कार्यालयका मुख्य निर्वाचन अधिकृत आनन्दराज पन्तले जानकारी दिए।

उक्त उपनिर्वाचनमा नेकपा (एमाले) का ऐनबहादुर शाहीले ७८, नेपाली कांग्रेसका पैलबहादुर शाहीले ४९, राष्ट्रिय प्रजातन्त्र पार्टीका गोगनबहादुर शाहीले १७ तथा राष्ट्रिय स्वतन्त्र पार्टीका गगन बमले पाँच मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत पन्तले बताए। कूल ६ सय नौ मतदातामध्ये निर्वाचनमा चार सय ११ (६७.४८ प्रतिशत) मत खसेको थियो। दुई सय १७ महिला र एक सय ९४ पुरुषले मतदान गरेका थिए। चार मत बदर भएको थियो।
विसं २०७९ मा भएको स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रबाट विजयी भएका परबहादुर शाहीको पहिरोमा परी निधन भएको थियो।

# शतबीज छर्न आएकी एक महिलाको मृत्यु

झापा(प्रस) । झापाको सताक्षीधाममा शतबीज छर्न आएकी एक महिलाको मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय झिलझिलेका अनुसार कन्काई नगरपालिका ४ बस्ने अन्दाजी वर्ष ४५ -५० को जस्तो देखिने सरिता टुडूको मृत्यु भएको हो। उनको मृत्युको कारण खुल्न सकेको छैन। प्रहरीले बिहान पौने १२ बजे सिकिस्त अवस्थामा फेला पारेको थियो। उनी सताक्षीधाममा शतबीज छर्न आएको बताइएको छ । पितृहरूको नाममा शतबीज छरिसकेपछि उनले भुइँमा प्लास्टिक ओछ्याएर सहयोग मागिरहेकी थिइन् । स्थानीय प्रत्यक्षदर्शीका अनुसार दाताले केही नगद र अन्नपात सहयोग दिइरहेका थिए । ‘उनी सहयोग मागिरहेका बेला एक्कासि ढलेकी थिइन्,’ घटनाका प्रत्यक्षदर्शीले भने । भुइँमा ढलेपछि उनलाई उपचारका लागि अस्पताल लगिएको थियो । तर, डाक्टरले मृत घोषणा गरेको बताइएको छ । ढलेको देखेपछि निकै ठूलो भीड लागेको थियो। भीडकै कारण उनले समयमा उपचार नपाएको बताइएको छ । ढलेको ठाउँदेखि अस्पतालसम्म जाने यातायातका साधन नहुँदा समयमै अस्पताल पुर्याउन नसकिएको एक रेडक्रसकर्मीले बताए ।

## राप्रपाको...

थापा , प्रदेश सभा सदस्य निमसरी राजवंशी, राप्रपा जिल्ला अध्यक्ष केशवप्रसाद ओझा, सचिव अभिषेक ढुंगाना, कुमार थापा, पूर्व प्रहरी संगठनका अध्यक्ष अम्विका पोखरेल, भद्रपुर नगरपालिका उपप्रमुख राधा कार्की, हल्दिबारी गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनलगायत जिल्ला ,प्रदेश, क्षेत्रलगायत पार्टीका विभिन्न तह र तप्काका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।
कार्यक्रममा बोल्दै प्रमुख अतिथि लिङ्देनले देशलाई विकास गर्ने एकमात्र वैकल्पिक पार्टी राप्रपा भएको भन्दै नवनिर्वाचित कार्यसमितिलाई इमान्दार भएर देश र जनताको पक्षमा काम गर्न शुभकामना दिएका थिए।

कार्यक्रममा पार्टीका अग्रज व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो भने विभिन्न पार्टी परित्याग गरी करिब ८० जनाले राप्रपा प्रवेश गरेका थिए। भद्रपुर नगर संयोजक सीता लम्सालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन माधव पोखरेलले गरेका थिए।

# झापाको तीन ठाउँमा आगलागी, लाखौंको क्षति



झापा(प्रस) । झापाको तीन ठाउँमा आगलागी हुँदा लाखौंको क्षति भएको छ । दमक , अर्जुनधारा र झापा गाउँपालिकामा आगलागी भएको हो । शनिवार राति १२.१५ बजे दमक नगरपालिका वडा नम्बर १ रवि स्टेन्ड बस्ने शिव राईको अढाई तले घरको भुइँतलामा किराना ,कस्मेटिक र खाद्यान्न पसल संचालन गरेका ४३ वर्षीय रामकिशोर साहको पसलमा आगलागी भएको हो । विद्युत सर्ट भई आगलागी हुँदा पसलमा रहेका सम्पूर्ण किराना सामान, कस्मेटिक सामान, खाद्यान्न सामान, झ्याल, ढोका, फ्रिज र अन्य सरसामानसमेत जलेर नष्ट हुँदा अन्दाजी १५ लाखबराबरको क्षति भएको छ । उक्त आगो नेपाल प्रहरी, दमक नगरपालिकाको दमकल र स्थानीयको सहयोगमा राति १ बजे पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।
त्यस्तै शनिवार साँझ ६:४५ बजे झापा गाउँपालिका वडा नं. ७ रमितेटोल बस्ने लुखी हस्दाको घरमा आगलागी भएको छ । बिद्युत लाईन सर्ट भई आगलागी हुँदा हस्दाको टिनको छानो र बाँसको टाटी बेराले बनेको ३ कोठे घरमा रहेका सम्पूर्ण सामान र नजिकै रहेको ग्वालीसमेत पूर्णरुपमा जल्दा अन्दाजी २ लाख ५० हजारबराबरको क्षति भएको जनाइएको छ ।
त्यस्तै शनिवार राति १० बजे अर्जुनधारा नगरपालिका वडा नं.११ सालबारी बस्ने ४७ वर्षीय भूमिनाथ बराल र सोही ठाउँ.बस्ने अमर राउतको एक बिगाह धानको कुन्यूमा अचानक आगलागी भएको छ । आगलागीबाट अन्दाजी २ लाख १० हजारबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उक्त आगो प्रहरी,स्थानीयबासी , बिर्तामोड,मेचीनगर र भद्रपुर नगरपालिकाको दमकलको सहयोगमा राति १२ बजे पूर्णरुपमा नियन्त्रणमा आएको डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । सुख्खायाम शुरु भएपछि केही दिनदेखि झापामा आगलागीका घटना बढेको छ ।

# शिवसताक्षी नगरपालिकामा आज स्थानीय विदा




झापा(प्रस) । झापाको सताक्षीधाममा आयोजित गोरक्षा महोत्सवको लागि शिवसताक्षी नगरपालिकाले आज स्थानीय विदा दिएको छ। कार्यपालिकाको मंसिर १४ गतेको बैठकले गोरक्षा महोत्सवका लागि आज एक दिन सार्वजनिक विदा दिने निर्णय गरेको शिवसताक्षी नगरपालिकाका प्रवक्ता बहादुर आङ्बोले बताए । उनले भने ‘आकस्मिक सेवाबाहेक अन्य सेवा एक दिनका लागि बिदा दिइएको छ ।’ नगरपालिका मातहतका कार्यालय र सामुदायिक विद्यालयमा बिदा दिएको आङबोले बताए।
गोलोक गोवर्धन गौशाला स्थापना भएपछि वर्षेनि गोरक्षा महोत्सव आयोजना भइरहेको छ । महोत्सवकै लागि शिवसताक्षी नगरपालिकाले सार्वजनिक विदा दिएको यो दोस्रो पटक हो। यसअघिको १०८ कुण्डीय कोटीहोममा पनि शिवसताक्षी नगरपालिकाले स्थानीय विदा दिएको थियो। नगरपालिकाले करिव २५ विदेशी राष्ट्रका धार्मिक सन्त महात्माहरूको सताक्षीधाम क्षेत्रमा आवागमन हुने र उनीहरूको स्वागत सत्कारका लागि बिदा दिएको जनाएको छ। अमेरिका, अस्ट्रेलिया, क्यानडा, स्विजरल्याण्ड, भारत, भुटान, बर्मालगायतका मुलुकका धार्मिक पाहुना सताक्षीधाममा आइपुगेको गोवर्धन गौशालाले जनाएको छ।
गोरक्षा महोत्सव मंसिर १४ गतेदेखि शुरु भई २४ गतेसम्म सञ्चालन हुनेछ। यो महोत्सवको अनन्त श्री विभूषित बालसन्त मोहनशरण देव आचार्यजी महाराजले आज उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

## झापामा...

१७ किलोमिटर दूरीका लागि ३० मिनेट तोकिएको छ । त्यस्तै बिर्तामोडदेखि केर्खासम्मको २९ किलोमिटर दूरीका लागि ५१ मिनेट तोकिएको छ ।
सवारीसाधनको तीब्र गतिबाट भइरहेको सडक दुर्घटनालाई न्यूनीकरण गर्ने उद्धेश्यले कोशी प्रदेशका तीन जिल्लामा टाइमकार्ड लागु गरिएको हो । १५ स्थानमा टाइमकार्ड रुजु गरिने र तोकिएको समयमा मात्रै सवारीसाधनहरु हिड्नुपर्ने नियम बनाइएको छ । प्रमुख जिल्ला अधिकारी बास्तोलाले कार्यक्रमको शुभारम्भ गर्दै बढ्दो सवारी दुर्घटना न्यूनीकरणको लागि अब यातायातकर्मी, सर्वसाधारण सबै सरोकारवाला निकायले टाइमकार्डको पूर्णरूपमा पालना गर्नुपर्ने बताए ।
तीव्र गतिका कारण भइरहेको बढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्न टाइमकार्ड लागु गरिएको र त्यसलाई पूर्णरूपमा कार्यान्वयन गराउन जिल्ला मातहतका प्रहरी तथा ट्राफिक प्रहरी लागिपर्ने जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख, प्रहरी उपरीक्षक मिलन केसीले बताए । झापामा केही समयदेखि अत्यधिक सवारी दुर्घटना हुने गरेको बताउँदै उनले गत कात्तिक महिनामा १४ जनाले दुर्घटनामा ज्यान गुमाइसकेको जानकारी दिए । मध्यम दूरीका सार्वजनिक सवारीसाधनलाई लक्षित गरी झापा, मोरङ र सुनसरी जिल्लामा सार्वजनिक सवारीसाधनलाई टाइमकार्ड लागु गरिएको र अन्य सवारीसाधनलाई छड्के जाँच गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख,प्रहरी निरीक्षक गणेश पौडेलले जानकारी दिए ।
यसैगरी, कोशी प्रदेश प्रहरी प्रमुख डिआइजी चन्द्रकुवेर खापुङको हातबाट बसचालक अशोक टुडूलाई टाइमकार्ड हस्तान्तरण गर्दै शनिवारदेखि कोशी प्रदेशमा सार्वजनिक सवारीसाधनमा टाइमकार्ड सुरुवात गरिएको छ । सुन्दरहरैचाको गछियामा आयोजित कार्यक्रममा डिआइजी खापुङले विराटनगरबाट काँकरभिट्टा आउँदैं गरेको मे १ ख ३२५४ नम्बरको बसका चालक टुडूलाई जिम्मेवार चालक बन्ने प्रतिवद्धता गराउँदै कार्ड हस्तान्तरण गरेका थिए ।


## बिमालेख हरायो

मेचीनगर नगरपालिका निवासी अनुराधा बिष्टको नाममा रहेको एल.आई.सि. को २०००२४७३३ नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८१/०५/२५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

**सम्पर्क : अनुराधा बिष्ट**
**ठेगाना: मेचीनगर-१२, झापा**

## बिमालेख हरायो

मेचीनगर नगरपालिका निवासी सन्तोष भुजेलको नाममा रहेको एल.आई.सि. को २०००१४९९७ नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८१/०५/२५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

**सम्पर्क : सन्तोष भुजेल**
**ठेगाना: मेचीनगर-१२, झापा**

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,झापा जिल्ला,बुद्धशान्ति गाउँपालिका वडा नं.-५ मा बस्ने श्री जेगेनिधी पौड्यालकी छोरी,श्री रामप्रसाद खतिवडाकी पत्नी,श्री दुर्गा देबी खतिवडाको मिति वि.सं.२०८१/०७/२८ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय बुधबारेमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान रामप्रसाद खतिवडाले मिति वि.सं.२०८१/०८/१३ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## निर्माण व्यवसायी संघ, झापाको १६ औं साधारणसभा, अधिवेशन तथा नविकरणसम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ, झापाको कार्यसमितिको बैठकको निर्णय अनुसार मिति २०८१ पौष २१ र २२ गतेका दिन १६ औं वार्षिक साधारणसभा तथा अधिवेशन हुने भएको हुँदा यस संघमा आवद्ध सम्पूर्ण निर्माण व्यवसायीलाई सयै सूचनालाई आधार मानी निम्नः मिति, समय र स्थानमा अनिवार्य उपस्थित भइदिनुहुन सादर अनुरोध छ ।
साथै, आफ्नो सदस्यता नविकरण गर्न छुटेको भए यसै सूचनालाई आधार मानी मिति २०८१ पौष १५ गतेसम्ममा आ-आफ्नो फर्म यस संघको सचिवालयमा आई नविकरण गर्नुहुन पनि सूचित गरिन्छ ।

**तपसिल**
साधारणसभा तथा अधिवेशन
मिति : २०८१ पौष २१ र २२ गते
समय : विहान ८ बजे
स्थान : हिमाल सागर पार्टी प्यालेस, विर्तामोड-२, चारपाने

**पुष्पराज निरौला**
**महासचिव**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# क्रिकेटबाट उपलब्धि

नेपाल क्रिकेट संघ (क्यान)को आफ्नै आयोजनामा शनिबारदेखि नेपाल प्रिमियर लिग (एनपीएल) सुरु भएको छ। नेपाली क्रिकेट खेलाडीको मात्रै नभई यसले देशको एउटा सपनालाई आकार दिएको छ र साकार पारेको छ। विदेशी ४० खेलाडीको सहभागिताले नेपाली खेलाडीलाई हौस्याएको छ। यसपालि नेपालीले विदेशी प्रसिद्ध र उत्कृष्ट खेलाडीहरूसँग खेल्न त पाएका छन्, सँगसँगै अन्तर्राष्ट्रिय लिगहरूको दैलो पनि नेपालीका लागि उघ्रने सम्भावना एनपीएलले दिएको छ। नेपाली क्रिकेटलाई आर्थिक रूपमा बलियो त यो प्रतियोगिताले बनाउँछ नै, अन्तर्राष्ट्रिय स्तरमै प्रसिद्धि कमाउने मौका पनि दिएको छ। झन् क्यानले स्टार स्पोर्टमार्फत यो प्रतियोगिता विश्वभरका क्रिकेटमाझ पुऱ्याएर नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रियकरण गरेको छ।

भारतमा आईपीएलकै कारण त्यहाँको क्रिकेटको उचाइ अग्लिएको छ। एनपीएलमार्फत नेपाली क्रिकेटले अझै फड्को मार्ने विश्वास गर्न सकिन्छ। खेलकुद जगत्को ऐतिहासिक महोत्सव अर्थात् महाकुम्भले क्रिकेटमा नयाँ युगको सुरुआत गर्ने विश्वास गर्न सकिन्छ। जसरी नेपाली क्रिकेट खेलाडीले आफूलाई निखार्दै विश्व मञ्चसम्म पनि आफूलाई पुऱ्याएका छन्, अब त्यहाँ अझै अब्बल प्रदर्शन गर्ने प्रेरणा एनपीएलको आयोजनाले उनीहरूलाई दिएको छ। बागमतीका २ र अरू सबै प्रत्येकका एकएक गरी ८ फ्रेन्चाइज क्लबले भित्र्याएका ४० विदेशी खेलाडीकै कारण एनपीएल विदेशी नजरमा समेत पर्न सफल भएको छ। त्यसबाट नेपाली खेलकुद जगत् त विश्वमाझ परिचित हुने नै छ, सँगसँगै नेपाली पर्यटन क्षेत्रलाई पनि यो प्रतियोगिताले प्रत्यक्ष, अप्रत्यक्ष धेरै सकारात्मक प्रभाव पार्ने छ।

सरकारले वर्ष दिनभित्र कीर्तिपुर क्रिकेट मैदानलाई आधुनिक स्तरको क्रिकेट रंगशाला बनाउने घोषणा गरिसकेको छ। अहिल्यै पनि केही सुधार त्यहाँ भइसकेका छन्। राजनीतिक नेतृत्वले पनि खेल र खेलकुद जगतको महत्व बुझिदिँदा खेलाडीलाई थप हौसला हुने नै भयो। एनपीएलको आयोजनाले सरकारलाई क्रिकेटका थप पूर्वाधार विकासमा अझै दबाब परेको छ। त्यसैअनुसार सरकारले खेलकुदमा लगानी बढाउने हो भने क्रिकेटबाट नेपालले अन्तर्राष्ट्रिय उपलब्धि हासिल गर्न सक्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# एनपिएलले जगाएको उत्साह



• रोहण यादव

कुनै पनि खेलाडी आफैँ उत्कृष्ट बनेर आउँदैनन्, निरन्तरको अभ्यासपछि मात्र निखारिने हुन्छन् । हरेक खेलमा खेलाडी चिनिने भनेको आफ्नो कौशलता र खेल देखाएर हो तर खेल कला र क्षमताको प्रदर्शन मात्र होइन, खेल मान्छेलाई जोडने माध्यम पनि हो । खेललाई दर्शकसँग जोड्न देशहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रतियोगिता सञ्चालन गर्छन् । खेलका प्रतियोगिताहरूले सञ्चालक राष्ट्रलाई आर्थिक रूपले समेत अत्यन्तै लाभ दिने गरेको यथार्थ छ । यस परिप्रेक्ष्यमा भारतमा हुने इन्डियन प्रिमियर लिग सर्वोकृष्ट उदाहरण हो । नेपालमा क्रिकेटसम्बन्धी गतिविधि नियमन तथा सञ्चालन गर्ने निकाय क्रिकेट एसोसिएसन नेपाल (क्यान) ले नेपाल प्रिमियर लिग गराइरहेको हो । शनिबारदेखि प्रारम्भ भएको एनपिएलका आठ वटै टोलीमा रहेका खेलाडीहरूको अनुभव र विगतका प्रदर्शनका आधारमा स्ट्रेन्थ, कमजोरी, अवसर र रणनीतिहरू यहाँ विश्लेषण गरिएको छ :

काठमाडौँ गुर्खाज

नेपालका स्टार अल राउन्डर करन केसीको अगुवाइमा रहेको काठमाडौँ गुर्खाजको सबभन्दा ठुलो बल भनेको अनुभवी र नयाँ युवा खेलाडीहरूको समिश्रण हो । शाहाब आलमको नेतृत्वको स्पिन बलिङ क्षेत्र बलियो देखिन्छ । यस टिममा नेदरल्यान्डका माइकल लेभिट, नेपालका भीम सार्की र नामिबियाका कप्तान गेरहार्ड एरासमस छन् । यीबाहेक चिनिएका बैट्सम्यान नहुँदा ब्याटिङ अलि
कमजोर देखिन्छ । यस टोलीको रणनीतिमा बलिङ गर्दा एटैकिङ अप्रोच अपनाई गर्ने र ब्याटिङमा विकेट जोगाएर खेल्ने हुन सक्छ ।

**विराटनगर कि[illegible]स**

धेरै जसो टी २० लिगसमेत खेलिसेकका नेपालका सबभन्दा चर्चित खेलाडी सन्दीप लामिछानेको नेतृत्वको विराटनगर किङ्गसको ब्याटिङ एकाई विस्फोटक देखिन्छ । यसमा न्युजिल्यान्डका लिजेन्ड तथा एक दिवसीय खेलको विश्वकपमा दोहोरो शतक प्रहार गर्ने ब्याट्सम्यानमध्ये एक मार्टिन गुपटिल, अमेरिकाका अकिब इलियस, नेपालका लोकेश बमलगायत क्यानडाका निकोलोस किरटा‘न सामेल छन् । यस टिमको बलिङमा सन्दीप लामिछाने, प्रतिश जिसी र क्रिस सोल छन् । यस टिमको रणनीति आक्रामक ब्याटिङ गरेर रन बनाउने हुन सक्छ ।

**चितवन राइनोज**

कुशल मल्लको नेतृत्वमा रहेको चितवन राइनोजमा अल राउन्डरहरू भारिभराउ छन् । यसमा कप्तान मल्ललगायत इङ्ग्ल्यान्डका रवि बोपरा र लुक बेनकेन स्टाइन, नामीबियाका कीर्तिमानी ३३ बलमा शतक प्रहार गरेका आक्रामक जन निकोल लोफ्टी इटन सामेल छन । शरद् भेसवाकरको मेन्टर सिप र अफगानिस्तानी हसन एसखिलको प्रतिभा बलियो पक्ष हो । यस टिमको स्पिन बलिङतर्फ कुनै स्थापित नाम नहुनुका साथै पाकिस्तानका सोहेल तनवीर अलावा फास्ट बलरसमेत देखिँदैनन् । यस टिमको रणनीति ८/९ नम्बरसम्म समेत ब्याट्सम्यान खेलाउने र डिफेन्सिभ बलिङ गर्ने हुन सक्छ ।

**जनकपुर बोल्ट्स**

अनिल साहलाई कप्तान घोषणा गरेको जनकपुर बोल्ट्सको टिममा आशिफ शेख, ललित राजवंशी, किवी अलराउन्डर जेम्स निसम र अमेरिकी तेज बलर जोसुआ ट्रम्प जस्ता भरपर्दो खेलाडीहरू छन् । यस अतिरिक्त हेमन्त धामी, किशोर महतो र अरनिको यादव जस्ता घरायसी प्रतियोगिताहरूमा नाम कमाएका खेलाडीहरू छन । यस टिमले परम्परागत खेल अनुसार सुरुमा विकेट जोगाएर खेल्ने र अन्त्यमा प्रहार गर्ने रणनीति हुन सक्छ ।

**कर्णाली याक्स**

नेपालको सबभन्दा अनुभवी फास्ट बलर सोमपाल कामीको नेतृत्वको कर्णाली याक्सले लिगको सबैभन्दा ठुलो खेलाडी ‘म्यान अफ आइसिसी’ र ‘गब्बर’ भनेर चिनिने भारतका दिग्गज खेलाडी शिखर धवनलाई भित्र्याएको छ । उनका अतिरिक्त वेस्ट इन्डिजका चाडविक वाल्टन, पाकिस्तानका हुसैन तलात, हङकङका बाबर हयात, ओमानका जिसान मकसुद गरी प्रभावशाली विदेशी खेलाडीहरूलाई टिममा सामेल गरिएको छ । नेपालका भविष्य भनिएका गुलसन झा र देव खनाल पनि यही टिममा छन् । याक्सको रणनीति आक्रामक ब्याटिङ गरी पहिलो इनिङमै विपक्षीलाई खेलबाट बाहिर गर्ने हुन सक्छ ।

**लुम्बिनी लायन्स**

राष्ट्रिय टोलीका कप्तान रोहित पौडेलको नेतृत्वको लुम्बिनी लायन्समा अत्यन्तै शक्तिशाली ब्याटिङ छ । यसमा कप्तान पौडेललगायत भारतका लागि यु १९ विश्वकपसमेत जिताएका कप्तान अमेरिकी उन्मुक्त चन्द, अस्ट्रेलियाका अल राउन्डर बेन कटिङ, इङ्ग्ल्यान्डका टाम मुरेस, अर्जुन साउद, विवेक यादव र सन्दीप जोरा जस्ता स्थापित नामहरू छन् । यस टिमको रणनीति आक्रामक ब्याटिङ गर्ने हुन सक्छ ।

**पोखरा एभेन्जर्स**

नेपाली राष्ट्रिय टोलीका स्टाइलिस ब्याट्सम्यान तथा लेग स्पिनर कुशल भुर्तेलको अगुवाइमा रहेको पोखरा एभेन्जर्समा भरपर्दो एवं आफूलाई प्रमाणित गरिसकेका अमेरिकी खेलाडी अङ्डरिस गोउस, स्कटल्यान्डका माइकल लेयस्क, नेदरल्यान्डका बस दे लिडे, वेस्ट इन्डिजका रेमोन रैफर जस्ता खेलाडीहरू छन् । यस टोलीमा वर्ल्ड क्लास अल राउन्डरहरू हुनुका साथै घरायसी प्रतियोगितामा राम्रो गरेका आकाश चन्द र विपिन खत्री जस्ता युवा खेलाडी छन् । यस टिमको खेलाडीका पछिल्ला केही खेल हेर्दा लयमा नरहेकोले थप चुनौती छ । यस टिमले स्थिर खेलेर आक्रमण गर्ने रणनीति अपनाउन सक्छ ।

**सुदूरपश्चिम रोयल्स**

नेपालका स्टार अल राउन्डर टाइगर दीपेन्द्रसिंह ऐरी नेतृत्वको सुदूरपश्चिम रोयल्सको बलिङ क्षेत्र दुरुस्त देखिन्छ । यसमा नेपालका डेथ ओवर स्पेसलिस्ट अविनाश बोहरा, किवी बोलर स्कट कुगेलाइन, कप्तान ऐरी, इङ्ग्ल्यान्डका सैफ जाइब, स्कटल्यान्डका ब्रान्डन मक्मुलेन, अमेरिकाका रोहण मुस्तफा र नेपालका आरिफ शेख सामेल छन् । यस टिमको ब्याटिङतर्फ खासगरी टा‘प अ‘र्डरमा समस्या हुन सक्ने देखिन्छ । ब्याटिङमा सुझबुझले विकेट बचाई उत्कृष्ट बलिङमार्फत कम रनमा विपक्षीलाई रोक्ने रणनीति यस टोलीले अपनाउन सक्ने देखिन्छ ।

समग्रमा हेर्दा प्रत्येक टोलीको आफ्नै सबल र दुर्बल पक्ष छन्, जसको आधारमा टोलीहरूले रणनीतिहरू अपनाउन सक्छन् । सबै टोलीसँग एपिएलको उपाधि जित्ने सपना छ । सबै टोलीले लामो समयदेखि मेहनत र परिश्रम गरिरहेका छन् । यो लिग नेपाली क्रिकेटका लागि अविस्मरणीय छ । यसले देशमा खेललाई थप उत्साही र मनोरञ्जन गराउने छ ।

# अर्थतन्त्रमा सुधारको संकेत



• कृष्णमणि पराजुली

नेपालका लागि सार्वभौम साख मूल्याङ्कन नौलो क्षेत्र हो । यसअघि नेपालले देशको आर्थिक, राजनीतिक, सामाजिक, वातावरणीय जस्ता क्षेत्रमा अन्तर्राष्ट्रिय स्वतन्त्र तथा विज्ञ संस्थाबाट कहिल्यै मूल्याङ्कन गराएको थिएन । विश्वमा नाम कहलिएका यस्ता मूल्याङ्कनकर्ता थुप्रै भए पनि बढी विश्वासिला र भरपर्दा भनेका एस एन्ड पी, मुडिज र फिच नै हुन् । नेपालको कन्ट्री रेटिङ भने फिचले गरेको हो । यसभन्दा अघि देशको मूल्याङ्कन गराउन प्रयास गरिएको थियो तर सन् २०१९ को कोभिड सङ्क्रमणको कारणले गर्दा मूल्याङ्कन भएको थिएन । त्यस समयमा देशको अर्थतन्त्र निकै बिग्रिएको थियो । उद्योगधन्दा कलकारखाना सबै बन्द थिए । मानिसको आवत जावतमा रोक लगाइएको थियो । सबै क्षेत्र तहस नहस भएकाले पनि सार्वभौम साख मूल्याङ्कन गर्न उपयुक्त थिएन ।

ढिलै भए पनि नेपालले अहिले सार्वभौम साख मूल्याङ्कन गराएको छ । मूल्याङ्कन प्रतिवेदन अपेक्षा गरिएभन्दा राम्रो आएकाले देशको अर्थतन्त्रमा सुधार आउने सम्भावना बढेको छ । मूलतः नेपालको अर्थतन्त्रको समस्या भनेको वित्तीय स्रोतसाधनको अभाव हो । अब दातृ निकाय, विकास साझेदार, वैदेशिक लगानीकर्ता र निजी क्षेत्रले समेत विश्वासका साथ लगानी गर्ने वातावरण निर्माण भएको अवस्था छ । कन्ट्री रेटिङ नभएको अवस्थामा बाह्य लगानीकर्ता तथा ऋणदाता विश्वस्त हुन सकिरहेका थिएनन तर अहिले सार्वभौम साख मूल्याङ्कन प्रतिवेदनले नेपाललाई मध्यमस्तरीय स्कोर दिएको हुनाले अब लगानीको सम्भावना बढ्ने देखिन्छ ।

अहिले फिचले प्रकाशित गरेको प्रतिवेदनले समग्र नेपालको साख मूल्याङ्कनमा केही आशाका सङ्केत देखाएको छ । दक्षिण एसियाका मुलुकमध्ये भारतपछिको राम्रो ग्रेड आएको नेपालको हो । यसरी नेपालको सावैभौम साख मूल्याङ्कनमा तुलनात्मक रूपमा अग्रपङ्क्तिमा आउनुलाई राम्रो मान्नु पर्छ । अन्तर्राष्ट्रिय मान्यता अनुसार ए, बी, सी र डी गरी चार प्रकारका ग्रेडिङ गरिएका हुन्छन् । यीमध्ये नेपाल मध्यमस्तरको अर्थात् डबल बी माइनसमा पर्नु नेपाल जस्तो अल्पविकसित मुलुकको लागि एउटा ठुलो उपलब्धि नै मान्नु पर्छ । ए र बी मा पर्ने देशहरूलाई राम्रो मानिएको हुन्छ भने सी र डीमा पर्ने देशहरू आर्थिक, राजनीतिक तथा सामाजिक रूपमा निकै कमजोर भएका ठानिन्छन् । नेपालले सार्वभौम साख मूल्याङ्कनमा डबल बी माइनस प्राप्त गरे पनि मध्यमस्तरको ग्रेडिङको पुछारमा परेको अवस्था हो भन्ने कुरा चाहिँ बिर्सनु हुँदैन ।

कुनै पनि व्यावसायिक कम्पनीको मूल्याङ्कन गर्दा जसरी लेखापरीक्षण प्रतिवेदन, वित्तीय विवरण, नाफा नोक्सानको अवस्था, प्रतिफल जस्ता विषयहरूको अध्ययनको आधारमा मूल्याङ्कन गरिएको हुन्छ त्यस्तै रूपमा कुनै पनि देशको साख मूल्याङ्कन गरिएको हुन्छ । त्यस कारण कुनै व्यावसायिक सङ्गठनको मूल्याङ्कन र सार्वभौम साख मूल्याङ्कनको आधारभूत विषयमा त्यति तात्[illegible]िवक भिन्नता देखिँदैन । भिन्नता भनेको उद्देश्य र मूल्याङ्कन गर्ने तरिका तथा प्रक्रिया मात्र फरक हो ।

अहिले नेपालको अर्थतन्त्र सुधारोन्मुख हुँदै गएको हुनाले सार्वभौम साख मूल्याङ्कनको नतिजा राम्रो आएको हो । सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४४ प्रतिशतभन्दा बढी नभएकाले सीमाभित्रै रहेको छ र अझै ऋण लिन सक्ने ठाउँ बाँकी रहेको छ । यसले के देखाउँछ भने नेपालले जति पनि ऋण लिएको छ त्यो जोखिममा परेको छैन । अन्तर्राष्ट्रिय मान्यता अनुसार कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतसम्म ऋण पुग्दा केही समस्या नआउने मान्यता रहेको छ । मुख्य प्रश्न भनेको त्यसरी लिएको ऋण कसरी प्रयोग गरिएको छ भन्ने नै हो । ऋण प्रवाह उपयुक्त किसिमले हुन सक्यो भने राजस्वले लक्ष्य र लक्षित आर्थिक वृद्धि पनि प्राप्त गर्न सकिने छ ।

नेपालले ऋण लिन सक्ने ठाउँ कुल गार्हस्थ उत्पादनले देखाएको र ऋण तिर्न सक्ने क्षमता सार्वभौम साख मूल्याङ्कन प्रतिवेदनले विश्वस्त पार्न सक्ने अवस्था सिर्जना भएकाले वैदेशिक ऋण भित्रिने सम्भावना रहेको देखिन्छ । अर्कोतर्फ बाह्य लगानीकर्ताहरूले लगानी गर्न हिचकिचाइरहेको अवस्थामा लगानी आउने सम्भावना एकदम बलियो देखिन्छ । त्यस कारण अब सरकारले राम्रो प्रतिफल दिन सक्ने आयोजनाहरूको छनोट गरी लगानीकर्तालाई उपलब्ध गराउनु पर्छ । साथै निजी क्षेत्रका केही बैङ्कले मात्र बाह्य ऋण प्राप्त गरिआएकोमा अब अन्य क्षेत्रले पनि वैदेशिक ऋण सहज रूपमा उपलब्ध हुने वातावरण निर्माण भएको अवस्था छ ।

कन्ट्री रेटिङको नतिजाले एक क्षेत्रलाई मात्र प्रभाव पार्ने होइन कि सबै क्षेत्रलाई प्रभाव पारेको हुन्छ । त्यसमा पनि आर्थिक क्षेत्रमा यसको बढी असर परेको हुन्छ । यस्ता मूल्याङ्कनबाट राज्यको विभिन्न क्षेत्रमा देखिएका कमीकमजोरीको जानकारी हुने भएकाले राज्यले सुधारात्मक कार्यक्रम ल्याउन सक्छ । आर्थिक क्षेत्र अन्तर्गत पर्ने ऋण, लगानी, अनुदान, खर्च, आयका विषयमा गहन अध्ययन तथा अनुसन्धान गरेर निकालिएको निष्कर्ष तथ्यमा आधारित भएका हुन्छन् । जसले गर्दा राज्यले यससम्बन्धी नीति तथा कार्यक्रम तदनुरूप सन्चालन गर्न सजिलो हुन्छ ।

नेपालको सन्दर्भलाई जोड्ने हो भने अबको अर्थतन्त्रमा धेरै सुधार हुने अपेक्षा गर्न सकिन्छ । २०७२ सालमा आएको भूकम्प, आर्थिक नाकाबन्दी, कोभिडको असर, अन्तर्राष्ट्रिय बजारमा इन्धनलगायत अन्य वस्तुमा भएको मूल्यवृद्धिले नेपालको अर्थतन्त्रलाई शिथिल बनाएको अवस्था थियो र परिणामस्वरूप बाह्य सहयोग आउन सकिरहेको थिएन । अब यो सार्वभौम साख मूल्याङ्कनले नेपालको अर्थतन्त्र जोखिममा नरहेको र मध्यमस्तरको नतिजा आएकाले सजिलोसँग सहुलियती ऋण तथा अनुदान उपलब्ध हुने बाटो खुलेको अवस्था छ ।

क्रेडिट रेटिङले आर्थिक, राजनीतिक र सामाजिक एवं वातावरणीय क्षेत्र जोखिममा नपरेको र सुधारोन्मुख अवस्थामा रहेको कुरा उल्लेख गरेको छ । यसबाट नेपालले द्विपक्षीय तथा बहुपक्षीय ऋण स्वीकार गर्दा ब्याजदर र समयावधिमा मोलतोल गर्न सक्ने क्षमताको विकास भएको छ । ऋण तिर्न सक्ने क्षमता राम्रो भएको हुनाले ऋण डुब्ने अथवा जोखिमको सम्भावना ज्यादै न्यून हुन्छ नै । त्यस कारण अहिलेको यो अवस्थामा नेपालले सहुलियत दरमा ऋण लिएर उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्छ ।

देशको अर्थतन्त्रमा जोखिम नभएको हुनाले दातृ निकायहरूले दिने अनुदान पनि बढ्ने देखिन्छ । अनुदान त्यस समयमा बढ्ने हुन्छ जुन समयमा देशको अर्थतन्त्र सहज रूपमा सञ्चालन भएको हुन्छ । नेपाल जस्ता अल्पविकसित मुलुकका लागि ऋणभन्दा अनुदान बढी राम्रो हुन्छ । किनभने अनुदान फिर्ता गर्नुपर्ने नभएकाले राज्यका लागि यो बढी उपलब्धिमूलक हुन्छ ।

नेपालको अहिलेको राम्रो अवस्थाले गर्दा अन्तर्राष्ट्रिय समुदाय विश्वस्त भएको देखिन्छ । यही समयमा नेपालले अर्थतन्त्रलगायत अन्य क्षेत्रमा जतिसक्यो बढी मात्रामा सुधारका कार्यक्रम ल्याउनु पर्छ । निजी क्षेत्रले पहिलेदेखि नै क्रेडिट रेटिङको माग गरिरहेको थियो । अहिले निजी क्षेत्र पनि उत्साहित भएको देखिन्छ । निजी क्षेत्रले पनि बाह्य मुलुकसँग सम्बन्ध राखेर ऋण लिन तथा लगानी प्राप्त गर्न सक्नु पर्छ र सरकारले पनि सहजीकरणको वातावरण गरिदिनु पर्छ । प्रतिवेदन सन्तोषजनक आउँदैमा नेपाल खुसी हुनुपर्ने कारण केही छैन । मुख्य कुरो भनेको प्रतिवेदनमा उल्लेख भएका राम्रा कुराहरूको स्थायित्व र निरन्तरता दिने विषयहरूको मह[illegible]व हुन्छ । लामो समयसम्म क्रेडिट रेटिङ नगराए पनि अहिले हाम्रो अवस्था यकिन भएको छ र राम्रो नतिजा पनि आएको छ । त्यस कारण भविष्यका लागि दिशानिर्देश गरेको अवस्था छ ।

सार्वभौम साख मूल्याङ्कनबाट अहिलेको अवस्थामा पनि नेपाललाई धेरै फाइदा भएको छ । निजी क्षेत्र समस्यामा परेको अवस्थामा उनीहरूलाई सहज वातावरण बनेको छ । सार्वजनिक क्षेत्रमा देखिएका समस्यालाई निराकरण गर्नका लागि झनै अनुकूलता हुन गएको छ । नेपालको कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋण भारको अनुपात सीमाभित्रै रहेको र अर्थतन्त्रका बाह्य सूचकहरू सकारात्मक हुँदै गएको कारणले पनि समग्रमा नेपालको सार्वभौम साख मूल्याङ्कन राम्रो देखिन आएको हो । केही बाह्य सूचक राम्रा हुँदैमा अर्थतन्त्रको अवस्था ठिक छ भन्न सकिँदैन र आन्तरिक अर्थतन्त्रमा धेरै सुधारको आवश्यकता देखिएको छ । अहिले सबै पक्षबाट अपेक्षा गरिएभन्दा राम्रो नतिजा आएको प्रतिक्रिया जनाएका छन् । नतिजा राम्रो आउनुले सकारात्मक सन्देश दिएको भए पनि नेपालले गर्नु पर्ने काम भने धेरै बाँकी देखिन्छन् । जे होस् यो प्रतिवेदनलाई नेपालको अर्थतन्त्र सुधार्नका लागि कोशे ढुङ्गाको रूपमा लिन सकिन्छ ।

ऋण तिर्न सक्ने क्षमता भए पनि आर्थिक जोखिम नभएको भने होइन । अझै पनि राजस्वको स्थिति कमजोर छ । राजस्व चुहावट, सरकारी रकमको दुरुपयोग, बढ्दै गएको बेरुजु, पुँजीगत खर्च कम हुनु, चालुगत खर्च बढ्नु, वित्तीय व्यवस्थापनले पुँजीगत बजेटलाई ओझेलमा पार्नु, वितरणमुखी बजेट प्रणाली जस्ता विषयले नेपाली अर्थ व्यवस्थालाई जोखिममा पार्न सक्ने हुन्छन् । यसतर्फ भने समयमा नै ध्यान पुऱ्याउनु पर्छ ।

अस्थिर राजनीतिले गर्दा सरकारले जारी गरेका नीतिहरू पनि अस्थिर नै हुने भएकाले दीर्घकालीन हुन सकिरहेका छैनन् । दीर्घकालीन नीति र तिनीहरूको कार्यान्वयनको अभाव अहिले समस्याको रूपमा रहेका देखिन्छन् । अर्थतन्त्र सुधारोन्मुख भए पनि नेपालले आवश्यकता अनुसारको वैदेशिक ऋण पाउन सकिरहेको छैन । अहिले विप्रेषणको अवस्था अनुकूल हुँदै गए पनि भविष्यमा सङ्कट आउनेतर्फ सार्वभौम साख प्रतिवेदनले औँल्याएको छ । आन्तरिक उत्पादनमा जोड दिएर निर्यात प्रवर्धन गर्नुपर्ने कुरा पनि फिजले उल्लेख गरेको छ ।

नेपालले गराएको यो पहिलो सार्वभौम साख मूल्याङ्कन भएको हुँदा नेपालले यसबाट धेरै कुरा सिकेर अघि बढ्नु पर्छ । सार्वजनिक खर्चमा भएका अनियमित क्रियाकलापलाई नियन्त्रण गरी सरकारी खर्चबाट अपेक्षित उपलब्धि प्राप्त गर्न सक्नु पर्छ । भ्रष्टाचार नियन्त्रण र सीमित वित्तीय स्रोतसाधनलाई अधिकतम परिचालन गरी अर्थतन्त्रलाई प्रभावकारी बनाउनु बनाउनु पर्छ । अर्को मह[illegible]वपूर्ण कुरो भनेको यसपछिको सार्वभौम साख मूल्याङ्कनको नतिजा अझ बढी राम्रो आउने गरी सरकारले आफ्ना क्रियाकलाप अगाडि बढाउनु पर्छ । जसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले गरेको प्रयास सराहनीय हुन सकोस् ।

# हिसानले खेलकुद प्रतियोगिता गर्ने

झापा(प्रस) । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) झापाले खेलकुद प्रतियोगिता आयोजना गर्ने भएको छ ।

प्रतियोगिता यही मंसिर २२ गतेबाट सुरु हुने हिसान झापाका सचिव देवेन्द्र हुमागाईंले जानकारी दिए ।हिसान झापामा आबद्ध २६ विद्यालयमध्ये २३ वटा विद्यालयका हजारभन्दा बढी विद्यार्थीहरुले प्रतियोगितामा सहभागिता जनाउने सचिव हुमागाईंले बताए ।

हिसान झापाका कार्यवाहक अध्यक्ष उत्तम खनालले विद्यार्थीहरुको क्षमतालाई अभिवृद्धि गर्दै खेलकुदप्रति रुचि जगाउन प्रतियोगितामा सहभागी हुन विद्यालयहरुलाई आग्रह गरेका छन् ।



प्रतियोगितामा विजेता र उपविजेतालाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुका साथै प्रतियोगितामा सहभागी सम्पूर्ण विद्यालयले प्रमाणपत्र प्राप्त गर्ने हिसान झापाका कोषाध्यक्ष रञ्जित शाहले जानकारी दिए । प्रतियोगिता सम्पन्न गर्न करिब सात लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको कोषाध्यक्ष शाहले बताए ।

खेलतालिका अनुसार मंसिर २३ गतेबाट पौष ३ गतेसम्म भद्रपुरस्थित ग्यालेक्सी स्कुलमा पुरुष फुटबल हुने छ ।

यस्तै पुरुष भलिबल पौष १० देखि १३ गतेसम्म ग्लोबल एजेकेशन एकेडेमीमा हुने जनाइएको छ भने महिलातर्फ आदर्श कलेजको खेलकुद मैदानमा १४ र १५ गते हुने छ ।

प्रतियोगितामा एभरेष्ट स्कुल भद्रपुर, मनकामना कलेज बिर्तामोड, ध्रुवतारा स्कुल दुधे, वन्डरल्यान्ड स्कुल केचना, प्रज्वल एकेडेमी गौरादह, चिल्ड्रेन गार्डेन स्कुल जलथल, प्रजिता स्कुल दमक, झापा मोडल स्कुल दमक, कोहेड कलेज बिर्तामोडको सहभागिता रहने हिसान झापाका सचिव हुमागाईंले जानकारी दिए ।

त्यस्तै हिमालयन मावि धुलाबारी, न्यूटन्स एजुकेसन एकेडेमी बिर्तामोड, गोमेन्द्र मावि बिर्तामोड, एमिटी मावि बिर्तामोड, वाल्मीकि मावि बिर्तामोड, निदि मावि बिर्तामोड, आदर्श कलेज एचम बिर्तामोड, इकोम बिर्तामोड, बाइटर मावि अर्जुनधारा, सिद्धार्थ मावि भद्रपुर, एचएस निकेतन भद्रपुर, ग्लोबल एकेडेमी दमक, आस्था एकेडेमी दमक, युनिक एकेडेमी दमक, होलिबेला मावि धुलाबारी, पशुपति मावि झिलझिले र इडन गार्डेन अंग्रेजी स्कुल बिर्तामोडले प्रतियोगितामा सहभागिता जनाउने उनले बताए । सचिव हुमागाईंका अनुसार प्रतियोगिताका अन्य खेलहरु क्रिकेट, टेवलटेनिस र ब्याडमिन्टन भने माघ र फागुन महिनामा सञ्चालन हुनेछ । हिसान झापाले प्रत्येक वर्ष विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । जसअन्तर्गत यस वर्ष खेलकुद प्रतियोगिताको आयोजना गरेको हो ।

# एनएमसीको साधारणसभामा ३८ जना कर्मचारी सम्मानित

बिर्तामोड(प्रस) । नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी) ले ३८ जना कर्मचारीलाई सम्मान गरेको छ । एनएमसीले संस्थाको ३२ औं बार्षिक साधारणसभाअन्तर्गत शनिवार बिर्तामोडमा आयोजित माइन्यूट प्रमाणित सभाको अवसर पारेर बिभिन्न बिधामा उत्कृष्ट कर्मचारीहरुलाई सम्मान गरेको हो ।

संस्थाले माइन्यूट प्रमाणित सभामा आर्थिक बर्ष २०७९/०८० र ०८०/०८१ मा बिभिन्न बिधाका उत्कृष्ट कर्मचारीलाई सम्मान गरेको जनाएको छ । आर्थिक बर्ष २०७९/०८० मा सम्मानित हुने उत्कृष्ट कर्मचारीहरुमा नवराज अधिकारी, सुनिता दाहाल, अनुपमा आचार्य, रिता श्रेष्ठ, सुवास खतिवडा, देबीका दंगाल रहेका छन् । उनीहरुमध्ये वर्ष उत्कृष्ट कर्मचारी नवराज अधिकारीलाई नगद २५ हजार र अन्यलाई जनही नगद १५ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको थियो ।

यसैगरी २०७९/०८० मा १० बर्ष पूरा गर्ने १४ जना कर्मचारीलाई दीर्घ सेवा सम्मान गरिएको छ । उनीहरुलाई ५० ग्राम चाँदीको सिक्कासहित सम्मान गरिएको हो । त्यस्तै आर्थिक बर्ष २०८०/०८१ मा वर्ष उत्कृष्ट कर्मचारीको रुपमा राकेश हरिजनलाई सम्मान गरिएको छ । उनलाई नगद २५ हजार र सम्मानपत्र प्रदान गरिएको थियो । त्यस्तै उत्कृष्ट कर्मचारीका रुपमा नविना चम्लागाई, मेघनाथ न्यौपाने, सोनम शेर्पा, कृष्पना खरेल, बसन ठकुरी, रिता भट्टराईलाई जनही नगद १५ हजारसहित सम्मान गरिएको थियो ।त्यस्तै १० बर्ष पूरा गरेका ९ जनालाई ५० ग्राम चाँदीको सिक्कासहित सम्मान गरिएको छ भने २५ बर्ष पूरा गरेका कर्मचारी गंगाराम तिम्सिनालाई १० ग्राम सुनको सिक्कासहित सम्मान गरिएको छ ।

संस्थाका अध्यक्ष ठाकुरप्रसाद शिवाकोटीको अध्यक्षतामा भएको कार्यक्रममा कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर राना मगरको प्रमुख आतिथ्य रहेको थियो ।संस्थाकी बरिष्ठ उपाध्यक्ष भगवती घिमिरेले स्वागत गरेको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक महेन्द्रकुमार गिरी, जिल्ला समन्वय समिति झापाकी उप-प्रमुख शान्ता रोक्काले शुभकामना मन्तव्य राखेका थिए ।



संस्थाका अध्यक्ष ठाकुरप्रसाद शिवाकोटीले वार्षिक प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिकी संयोजक रचना दाहालले लेखा प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन संस्थाका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीले गरेका थिए ।

संस्थाले यसअघि गत मंसिर २ देखि ८ गतेसम्म सात स्थानमा इकाईगत साधारणसभा गरेको थियो । आर्थिक बर्ष २०८०/०८१ सम्ममा एक अर्व ४७ करोड ३६ लाख शेयर पुँजी रहेको संस्थामा एक लाख ८३ हजार शेयर सदस्य रहेको संस्थाका अध्यक्ष शिवाकोटीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

# अन्तर्राष्ट्रिय सम्मानद्वारा वीरु दर्नाल सम्मानित

बिर्तामोड(प्रस) । गोर्खा फाउन्डेशनका अध्यक्ष वीरु दर्नाल सम्मानित भएका छन् । दमाई समाज खर्साङका अध्यक्ष प्रकाश सेवाको नेतृत्वमा आएको ११ जनाको टोलीले दर्नाललाई बिर्तामोडमै आएर सम्मान गरेको हो ।सामाजिक सेवामार्फत् दमाई जातिलाई अगाडि बढाउँदै जातीय पेशाको प्रवर्द्धन गरी टेलरिङ , पत्रकारिता तथा समाजसेवामा पुर्याएको योगदानको उच्च मूल्यांकन गर्दै दर्नाललाई सम्मान गरेको जनाइएको छ । गत मंसिर २ गते खर्साङमा आयोजित दमाई समाजको



७८ औं वार्षिकोत्सवको अवसरमा दर्नाललाई सम्मान गर्ने कार्यक्रम रहेको थियो । मंसिर २ गते दर्नालकी आमाको १२ औं दिनको शुद्धिशान्ति कार्यक्रम परेकाले उपस्थित हुन नसकेका दर्नाललाईआइतवार बिर्तामोडमै आएर समाजले सम्मान गरेको अध्यक्ष सेवाले जानकारी दिए । नेपालबाट लेखक तथा अध्येता डिबी नेपाली ( दमु ) र दर्नाललाई उक्त सम्मान प्रदान गरिएको हो । सम्मानित ब्यक्तित्व दर्नालले धन्यबाद मन्तव्य राख्दै दुई देशबिचको सम्बन्ध विकास गर्न र समुदायको उन्नतिका लागि यो सम्मानले पुलको काम गरेको बताए । कार्यक्रममा नौमती सगुन समाजका अध्यक्ष सुवास त्रिखत्री , अग्रज टिकाराम शिवा , साहित्य चौतारीका संरक्षक देवीभक्त श्रेष्ठलगायतले बोलेका थिए । समाजका प्रचारप्रसार सचिव उमेश कार्की ढोलीका अनुसार दिपेन सेवा , सुरज नौवाग , नवीन शिवा , दिनेश सेवा , बीबी परियार , गौरी जैरु , रीता सेवा र प्रिया सेवाको टोली खर्साङबाट आएको थियो ।

नौमती सगुन समाजका अध्यक्ष सुवास त्रिखत्री , वरिष्ठ उपाध्यक्ष पदम दर्नाल , महासचिव महेन्द्र दास , कोषाध्यक्ष रोशन नेपाली , सदस्य दिनेश दासलगायतको समन्वयमा कार्यक्रम सम्पन्न भएको जनाइएको छ ।

# काठमाडौंका व्यवसायी बजगाईँ काँकडभिट्टाबाट बेपत्ता

झापा(प्रस) । ललितपुरको महांकाल गाउँपालिका-२, मानिखेल स्थायी ठेगाना भई काठमाडौंमा बस्दै आएका एक व्यवसायी झापाबाट सम्पर्कविहीन भएका छन् । घरजग्गा कारोबारमा संलग्न



व्यवसायी ४० वर्षीय दिलनाथ बजगाईँ गत कात्तिक २ ९ गतेदेखि सम्पर्कविहीन भएको परिवारले जनाएको छ । बजगाईँ व्यापारको सिलसिलामा काँकडभिट्टास्थित न्यू हिकोला हेरिटेज होटलमा बस्दै आएका थिए ।

गत कात्तिक २९ गते श्रीमती तुलसासँग फेसबुकमा कुरा गरेका उनी त्यसपछि सम्पर्कविहीन छन् । उनको खोजबिनका लागि श्रीमती तुलसा र दाजु गणेशप्रसाद मंसिर ४ गतेदेखि काँकडभिट्टामा छन् । व्यवसायी बजगाईँले कात्तिक ३० गते भारतको गोवा जाने हवाई टिकट काटेका थिए ।

तर, उनी गोवातिर गएको देखिँदैन । किनकि उनको टिकट क्यान्सिल देखिन्छ । टिकट क्यान्सिल गरेर उनी कता गए भनेर परिवार अचम्ममा परेका छन् ।

बजगाईं बेपत्ताबारे परिवारले इलाका प्रहरी कार्यालय काँकडभिट्टामा निवेदन दिएका छन् । प्रहरीले सुक्ष्म रुपमा अनुसन्धान गरिरहेको जनाएको छ ।इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डीएसपी मीमबहादुर लामाले गहिरो ढंगले अनुसन्धान गरिरहेको र सत्य-तथ्य चाँडै बाहिर ल्याउने बताएका छन् ।

# उदयपुरका कामी ब्राउनसुगरसहित मेची पुलमा पक्राउ



झापा(प्रस) । प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित उदयपुरका एक युवक मेची पुलमा पक्राउ परेका छन् ।

शुक्रवार साँझ ५.१० बजे मेची पुलमा भारतबाट नेपालतर्फ आउँदै गरेको को १२ प ४५७३ नम्बरको मोटरसाइकलका चालक उदयपुर चौडण्डीगढी नगरपालिका वडा न. १ घर भई हाल इटहरी उपमहानगरपालिका वडा न. १९ बस्ने २८ वर्षीय जीवन कामी ब्राउनसुगरसहित पक्राउ परेका हुन् ।

शंका लागेर चेकजाँच गर्दा उनको साथबाट प्लाष्टिकसहित ४ ग्राम ब्राउनसुगर फेला परेको थियो । मोटरसाइकलसहित नियन्त्रणमा लिई उनलाई इलाका प्रहरी कार्यालय काकरभिट्टामा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ब्राउनसुगरसहित मेचीनगरका मुर्मू पक्राउ



झापा(प्रस) । लागूऔषध ब्राउनसुगरको कारोबार गर्ने झापा मेचीनगर- १० झापा मार्ग टोल बस्ने बब्लु भनिने मनु मुर्मू पक्राउ परेका छन् ।

शनिवार दिउँसो ३.३० बजे ब्राउनसुगर बेचबिखन गर्ने गरेको बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धुलावारीबाट खटिएको प्रहरी टोलीले मुर्मूलाई घरकोठामा नै फेला पारी खानतलासी गर्दा उनी सुत्ने कोठाको पूर्वपट्टी भुइँमा प्लाष्टिकको पोका बनाई लुकाई राखेको १ ग्राम ३५० मिलिग्राम ब्राउनसुगर फेला पारेको थियो । उनलाई पक्राउ गरी आवश्यक कारवाहीको इलाका प्रहरी कार्यालय धुलावारीमा राखिएको प्रहरीले जनाएको छ ।

# झापामा १५ सय एचआइभी संक्रमित

• **बिनोद सापकोटा**

झापा । एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौं भन्ने मूल नाराका साथ आइतबार ३७ औं विश्व एचआईभी एड्स दिवस मनाइएको छ । झापाको अर्जुनधारामा प्रभातफेरी त्यसपछि कोण सभा गर्दै एड्स दिवस मनाइएको हो।

स्वास्थ्य कार्यालय झापाको आयोजनामा प्रभातफेरी निकालिएको हो। प्रभातफेरीले अर्जुनधारा नगरपालिकाको शनिश्चरे बजार परिक्रमा गरेको थियो ।

विभिन्न प्रकारका प्लेकार्ड र ब्यानरसहित निस्किएको प्रभातफेरी नगर परिसरबाट सुरु भएको थियो र शनिश्चरे बजार पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै अधिकांश वक्ताले एचआइभी एड्सको जोखिम न्यूनीकरणका लागि सबै सचेत हुनुपर्नेमा जोड दिए । एचआइभी एड्सजस्ता घातक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि सरकारले करोडौं रुपैयाँ खर्च गरिरहेको छ । एचआइभी एड्स




नियन्त्रणका हरेक सरकारी तथा गैरसरकारी कार्यक्रममा सहभागी भएर त्यसको फाइदा लिन वक्ताले सबैलाई आग्रह गरे।

कोणसभामा एचएफ नेपालका एआरटी क्लिनिक अफिसर निकेश आचार्य, शनिश्चरे माध्यमिक विद्यालयकी स्काउट शिक्षक तारा विश्वकर्मा, लवकुश आश्रमका अध्यक्ष रन्जु शर्मा, मेची प्रादेशिक अस्पताल एआरटी शाखाका कञ्चन नेपाली लगायतले बोलेका थिए।

कार्यक्रम ए.एच.एफ नेपाल, आम्दा नेपाल, लवकुस आश्रम, आरफएमको सहकार्यमा स्वास्थ्य कार्यालय झापाले आयोजना गरेको हो। एचएफ नेपालका एआरटी क्लिनिक अफिसर निकेश आचार्यका अनुसार झापामा १५०० को हाराहारीमा एचआइभी संक्रमित छन् । तीमध्ये ७०० ले नियमित औषधि सेवन गरिरहेका छन् ।

झापाको मेची प्रादेशिक अस्पताल मात्र ४८८ जनाले एचआइभी एड्सविरुद्धको औषधि सेवन गरिरहेका छन् । यो संख्यामा १७ बालबालिका पनि रहेको आचार्यले बताए । एचआइभी एड्स संक्रमित हुनेमा पुरुषको संख्या बढी छ ।

अर्जुनधारा नगरपालिकाको शनिश्चरे बजारमा बिहानको प्रभातफेरीपछि साँझ बिर्तामोडको मुक्तिचोकमा दीप प्रज्वलन गरेर ३७ औ विश्व एड्स दिवस मनाइएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — आज दैनिक कार्यमा प्रगति हुनेछ । साथीभाइसँग समय बित्नेछ ।

**वृष** — नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** — आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** — धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** — आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** — चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** — आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** — पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** — आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** — आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** — मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** — रमणीय र सुखद् यात्राको योग छन् । आत्मबल र हिम्मत पनि बढ्नेछ ।